# ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७४

## प्रस्तावनाः

ईट्टा उद्योगका श्रमिकको लागि व्यवस्थापकले गर्नु पर्ने व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी व्यवस्थाको स्तर तोकिन आवश्यक भएकोले श्रम ऐन, २०७४ को दफा १८१ को उपदफा (१) बमोजिम श्रम तथा रोजगार मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७४" हुनेछ ।

(२) यो निर्देशिका तुरन्त प्रारम्भ हुनेछ ।

२. काम गर्ने समयः

(१) ईट्टा उद्योगका श्रमिकको काम गर्ने समय देहाय बमोजिम हुनेछ ;

(क) कुनै पनि श्रमिकलाई दिनको ८ घण्टा र हप्ताको ४८ घण्टा भन्दा बढी समय काममा लगाउनु हुदैन । लगातार ५ घण्टा काम गरे पछि आधा घण्टाको विश्राम दिनु पर्नेछ ।

(ख) श्रमिकलाई हप्तामा एक दिन बिदा दिनु पर्नेछ ।

(ग) श्रमिकको राजिखुशीमा दैनिक चार घण्टाको दरले हप्तामा २० घण्टा नबढ्ने गरी अतिरिक्त समय काममा लगाउन सकिनेछ ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि आगोसँग प्रत्यक्ष संलग्न रही काम गर्ने श्रमिकलाई दैनिक प्रत्येक चरण (Shift) २ घण्टाको दरले ३ चरण काममा लगाउनु पर्नेछ। यसरी तीन चरणमा काममा लगाउँदा एक चरण र अर्को चरण बिचको विश्राम समय १ घण्टाको हुनु पर्नेछ ।



Scanned by CamScanner

३. अभिलेख एवं जानकारी:

(१) ईट्टा उद्योगका व्यवस्थापकले श्रमिकको कामको अवधिको अभिलेख प्रमाणित रुपमा राख्नु पर्नेछ । यसरी अभिलेख राख्दा प्रत्येक श्रमिकको काम र समय समेतको विवरण खुल्ने गरि छुट्टै रजिष्ट्रर खडा गरि राख्नुपर्नेछ ।

(२) श्रमिकहरुको कामको विवरण सबैले सजिलै देख्ने र बुझ्ने भाषामा लेखी टाँसिएको हुनु पर्नेछ र यसको जानकारी श्रमिक एवं सम्बन्धित नाईकेलाई गराइएको हुनु पर्नेछ ।

४. पानीको व्यवस्था:

(१) प्रत्येक श्रमिकलाई नेपाल सरकारले तोकेको गुणस्तर युक्त पिउने पानी दैनिक ५ लीटर व्यवस्थापकले उपलव्ध हुने गरि व्यवस्था गर्नु पर्नेछ ।

(२) ईट्टा उद्योगको आवास गृहमा बस्ने प्रत्येक श्रमिकलाई खाना पकाउन, नुहाउन, भाँडा माझ्न र अन्य सरसफाई गर्नको लागि दैनिक ३० लिटर सफा पानी व्यवस्थापकले उपलव्ध गराउनु पर्नेछ ।

५. अस्थाई आवास:

अस्थाई आवास गृह संरचनागत रुपमा सुरक्षित एवं देहाय बमोजिमको हुनु पर्नेछ ;

(क) एका परिवारसँगै बस्ने महिला पुरुष बाहेक अन्य महिला र पुरुषको लागि अलग अलग आवासको व्यवस्था हुनुपर्छ,

(ख) अविवाहित र एकल महिला वा पुरुषका लागि अलग अलग क्षेत्रमा आवास व्यवस्था गर्नुपर्छ,

(ग) आवासको बनौट हावा छिर्ने तथा हुरी, तातो र चीसोबाट सुरक्षित हुनु पर्दछ,

(घ) भान्सा कोठा सुत्ने कोठा भन्दा फरक हुनुपर्दछ,

(ङ) कार्यस्थल देखी अवास क्षेत्र कम्तीमा १०० मीटरको दुरीमा हुनु पर्नेछ,



Scanned by CamScanner

(च) सुत्ने कोठाको आकार कम्तिमा १० फिट × ८ फिट र उचाइ ८ फिटको हुनुपर्छ । यस्तो आवासमा दुईजना वयस्क र दुईजना बालबालिकासम्म बस्न सक्नेछन्,

(छ) पशुपंक्षी राख्दा श्रमिक र व्यवस्थापकको आपसी सहभागितामा कसैलाई प्रतिकुल असर नपर्ने गरि व्यवस्थित रुपमा राख्नुपर्दछ ।

६. विश्राम कक्षः

५० जना वा सोभन्दा बढी श्रमिकहरु कार्यरत रहेको उद्योगको व्यवस्थापकले देहायका न्यूनतम व्यवस्था सहितको उचित स्थानमा विश्राम कक्ष बनाउनु पर्नेछ ;

(क) श्रमिकको कार्य समयको बिचमा विश्राम गर्न विश्राम कक्षमा अडेस लगाउन मिल्ने आवश्यक बेन्चको व्यवस्था गरिएको हुनुपर्दछ,

(ख) विश्राम कक्षमा प्रयास हावाँको बहावको लागि भेन्टिलेसनको व्यवस्था गरिएको हुनु पर्नेछ,

(ग) विश्राम कक्षमा पिउने पानीको व्यवस्था गरिएको हुनु पर्नेछ,

(घ) विश्राम कक्ष नजिक महिला र पुरुषको लागि अलग अलग शौचालयको व्यवस्था गरिएको हुनु पर्नेछ,

(ङ) विश्राम कक्ष सफा, धुँवा र धुलो रहित हुने गरि व्यवस्था गरिएको हुनु पर्नेछ ।

७. प्राथमिक उपचार सुविधाः

प्रत्येक ईट्टा उद्योगको व्यवस्थापकले देहायको न्यूनतम व्यवस्था सहितको प्राथमिक उपचार सेवा उपलब्ध गराउनु पर्नेछ ;

(१) ईट्टा उद्योग सञ्चालन अवधिभर कम्तीमा एक जना तालिम प्राप्त स्वास्थ्य उपचारकर्मीको व्यवस्था गर्नु पर्नेछ,

(२) प्रत्येक वर्ष, ईट्टा उद्योग संचालन हुने अवधिमा कामदार तथा कर्मचारीको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ,



Scanned by CamScanner

(३) श्रमिकका लागि देहाय बमोजिमको सामग्री भएको 'फस्ट एड कीट' (प्राथमिक उपचार साधन) को व्यवस्था गरिएको हुनु पर्नेछ;

(क) प्राथमिक उपचार सामग्री ड्रेसिङ र ब्याण्डेज, विभिन्न आकारका ५ वटा एड्हेसिभ ब्याण्डेज, २ वटा गज प्याड (३×३ इञ्च), २ वटा गज प्याड (४ ×३ इञ्च), गज रोल, एड्हेसिभ टेप रोल, नाडी, कुहिनो, घुँडा र गोली गाँठोमा बाँध्ने तन्कने किसिमको ब्याण्डेज (क्रेप व्याण्डेज), चोटपटक लाग्दा बाँध्ने र नाडी झुण्ड्याउन मिल्ने २ वटा त्रिकोणीय ब्याण्डेज, र सर्जिकल कपास ।

(ख) एक जोडा पञ्जा (रगत वा शरीरबाट निस्कने अरु तरल पदार्थहरूको खतराबाट जोगिन लगाउने), तत्काल चिसो पार्ने आइस प्याक, ब्याण्डेज बाँध्ने सुरक्षित खालको पीन, थर्मोमिटर, गज काट्ने कैंची, फोरशेप, आकस्मिक सेवाका लागि सम्पर्क टेलिफोन नम्बरहरु भएको सूची।

(ग) बर्नोल, पोभिडाइन आयोडीन वा क्लोरहेक्सिडाइन जस्ता घाउ सफा गर्ने एन्टिसेप्टिक, बेसिट्रासिन वा मरकिरोसिन तत्व भएका एण्टिबायोटिक मल्हम, एन्टि एलर्जिक क्रिम, मल्हम वा लोसन ।

(घ) निमोसिड, सिटामोल, एसिटाफिनोमिन वा आइब्रुफेन ४०० एम.जी.जस्ता दु:खाइ र ज्वरो कम गर्ने औषधीहरु, झाडापखालाको औषधी ईलेक्ट्रोलाईट पाउडर (ओ रएस), ग्लुकोज पाउडर, मेट्रोनिडाजोल ४०० एम.जी., एण्टासीड र बोस्कोपान आदि ।

८. दिवाशिशु स्याहार केन्द्रः

(१) पचास वा सोभन्दा बढी महिला श्रमिक भएको ईट्टा उद्योगका व्यवस्थापकले त्यस्ता महिला श्रमिकका बालबालिकाको लागि देहायको सुविधा भएको दिवा शिशु स्याहार केन्द्रको व्यवस्था ईट्टा उद्योग परिसर भित्र गर्नु पर्नेछ;

(क) बालबालिकाको रेखदेखका लागि एक जना दक्ष धाईको साथै बाल मनोरञ्जनका सामग्रीहरूको व्यवस्था गर्नु पर्नेछ,

Scanned by CamScanner

(ख) दिवा शिशु स्याहार केन्द्र नपरिसरमा स्तनपान एवं खानपान कक्ष बालमैत्री शौचालय र पिउने पानीको व्यवस्था भएको हुनु पर्नेछ ।

(२) बालबालिकालाई स्तनपान एवं खानपान गराउनका लागि सम्बन्धित महिला श्रमिकलाई आवश्यकता अनुसार समय उपलब्ध गराउनु पर्नेछ।

९. शौचालय एवं स्नानगृहः

श्रमिक र उनका परिवारलाई देहायको न्यूनतम सुविधा भएको शौचालय एवं स्नानगृहको व्यवस्था व्यवस्थापकले गर्नु पर्नेछ;

(क) औसत १५ व्यक्तिकालागि एउटा शौचालयको व्यवस्था,

(ख) शौचालयलाई कम्तिमा दैनिक एक पटक सफा गरिने व्यवस्था,

(ग) शौचालय भन्दा बाहिर दिसा, पिसाब गर्न पूर्ण प्रतिबन्ध लगाई सो को जानकारी सम्बन्धित सबैलाई गराउनु पर्ने,

(घ) पुरुष र महिलाकालागि अलग-अलग स्नानगृह र शौचालयको व्यवस्था,

(ङ) शौचालयमा साबुन र पानीको व्यवस्था ।

१०. चमेना गृहः

पचास वा सोभन्दा बढी श्रमिक एकै समयमा काम गर्ने ईट्टा उद्योगमा चमेना गृहको व्यवस्था हुनुपर्दछ ।

११. शिक्षाः

ईट्टा उद्योगले उपलव्ध गराएको अस्थाई आवासमा बाबुआमा वा अभिवावकसँग बस्ने विद्यालय जाने उमेरका बालबालिकालाई नजिकको सरकारी विद्यालय वा गैरसरकारी संस्थाद्वारा संचालित औपचारिक वा अनौपचारिक शिक्षामा व्यवस्थापकले पहुच पुर्याउन सहयोग गर्नु पर्नेछ ।

१२. सुरक्षा र स्वास्थ्यः

(१) श्रमिकले उठाउनु पर्ने भारीको अधिकतम भार देहायबमोजिम हुनु पर्नेछः

Scanned by CamScanner

| | | |
|---|---|---|
| (क) | बालिग पुरुष | ५५ के.जी. |
| (ख) | बालिग महिला | ४५ के.जी. |
| (ग) | नाबालिग पुरुष (१६–१८ वर्ष) | २५ के.जी. |
| (घ) | नाबालिग महिला (१६–१८ वर्ष) | २० के.जी. |

(२) ईट्टा ओसार्ने बाटो र हिड्ने बाटोको सतह मिलाइएको हुनु पर्नेछ र नचिप्लिने अवस्थाको हुनु पर्नेछ।

(३) हातले माटो मुछने काम गर्ने श्रमिकलाई डष्ट फिल्टर मास्क व्यवस्थापकले उपलव्ध गराउनु पर्नेछ ।

(४) ईट्टा को भारी हाल्ने, झार्ने, बोक्ने र माटो खन्ने श्रमिकलाई सुरक्षा चश्मा, सुरक्षा टोपी, सुरक्षा जुत्ता र धुँलोबाट बच्न मास्क व्यवस्थापकले उपलब्ध गराउनु पर्दछ ।

(६) ३ मिटर भन्दा बढी उचाईमा गर्नु पर्ने काममा श्रमिकलाई हेल्मेट र सेफ्टी बेल्ट लगाई मात्र व्यवस्थापकले काममा लगाउनु पर्दछ ।

(७) काँचो ईट्टा बनाउने श्रमिकको लागि व्यवस्थापकले देहायको व्यवस्था गर्नुपर्नेछ;

(क) काँचो ईट्टा बनाउने श्रमिकलाई पञ्जा, डष्ट फिल्टर मास्कर सुरक्षा जुत्ता उपलव्ध गराएको हुनु पर्नेछ,

(ख) काँचो ईट्टा बनाउने कार्यस्थलमा घाम पानीबाट श्रमिकलाई बच्नको लागि सेडको व्यवस्था गर्नु पर्नेछ ।

(८) कामको सिलसिलामा प्रयोग हुने भर्याङ सुरक्षित हुनु पर्दछ ।

(९) श्रमिकलाई धुलोबाट वचाउन व्यवस्थापकले देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ;

(क) कार्यस्थलमा १० मिलिग्राम प्रति घनमिटर र चमेना गृह, विश्राम गृह र सुत्ने ठाउँमा २ मिलिग्राम प्रति घनमिटर भन्दा बढी धुँलोको मात्रा नहुने गरि व्यवस्था गर्नु पर्नेछ । कार्यस्थलमा १० मिलिग्राम भन्दा बढी धुँलो



Scanned by CamScanner

भएमा व्यवस्थापकले डष्ट फिल्टर मास्क श्रमिकलाई दिई काममा लगाउनु पर्नेछ,

(ख) सवारी साधन र श्रमिकको आवागमन हुने ठाउँमा धुँलो उड्न नदिनको लागि समय समयमा पानी छम्कने व्यवस्था मिलाउनु पर्नेछ,

(ग) ईट्टा उद्योग भित्र प्रयोग हुने बाटोहरु सुरक्षित तथा नचिप्लिने खालको हुनुपर्दछ ।

(१०) कोइला पेल्न (Coal Crossing) काम कोठा भित्र गर्नु पर्नेछ । उक्त काममा संलग्न श्रमिकलाई सुरक्षा टोपी, पन्जा, बुट, सुरक्षा चश्मा, डष्ट फिल्टर मास्क र एप्रोनको व्यवस्था व्यवस्थापकले गर्नु पर्नेछ ।

(११) कार्यस्थलमा ३५ डिग्री सेल्सियस भन्दा कम तापक्रम हुनु पर्दछ ।

(१२) श्रमिकलाई ध्वनी (Noise) प्रदुषणबाट बचाउन व्यवस्थापकले देहाय बमोजिम व्यवस्था गर्नु पर्नेछ;

(क) कार्यस्थलमा ध्वनीको स्तर नेपाल सरकारले तोके बमोजिम हुनु पर्नेछ,

(ख) कार्यस्थलमा स्रोतमा ध्वनी नियन्त्रण गर्न नसक्ने अवस्था भएमा र नेपाल सरकारले निर्धारण गरेको ध्वनीको निर्देशिका भन्दा बढी ध्वनीको स्तर कुनै कार्यस्थलमा भएमा सो कार्यस्थलमा काम गर्ने श्रमिकलाई ध्वनीको नकारात्मक प्रभावबाट बच्न श्रमिकको लागि इएर प्लग (Ear plug) वा इएर मफ(Ear muff) को व्यवस्था गर्नु पर्नेछ ।

(१३) ईट्टा पकाउने भट्टी (Furnance) मा गर्नुपर्ने इन्सुलेसन एवम् सुरक्षाका लागी व्यवस्थापकले देहाय बमोजिम गर्नुपर्नेछ;

(क) ईट्टा पकाउने भट्टीमा कम्तीमा ६ इञ्च मोटो इन्सुलेसन गर्नु पर्नेछ । तालिम प्राप्त वा सो कार्यमा अनुभव भएका श्रमिकलाई मात्र ईट्टा पकाउने भट्टीमा आगो लगाउने काम दिनु पर्दछ,

(ख) आगोको काम हुने क्षेत्रमा "तातो र आगोसँग सावधान" भनेर स्थानीय र अन्य भाषामा प्रष्टै बुझिने सूचना टाँस्नु पर्दछ,



Scanned by CamScanner

(ग) ईट्टा पकाउने भट्टीमा काम गर्ने श्रमिकको सुरक्षाका लागी सुरक्षा बुट, छालाको पञ्जा, सुरक्षा चस्मा, सुरक्षा टोपी, मास्क र एप्रोनको व्यवस्था गर्नु पर्नेछ ।

(१४) मेशिन एवं उपकरणहरुमा देहाय अनुसारको सुरक्षाका उपायहरुको व्यवस्था व्यवस्थापकले गर्नु पर्नेछ;

(क) उर्जा वा त्यस्तै शक्तिबाट सञ्चालन हुने मेशिन औजार वा उपकरणहरुको प्रत्येक घुम्ने भागमा बलियो छेकबार लगाउनु पर्दछ,

(ख) मेशिन संचालन गर्ने कार्य वा कुनै भागको निरीक्षण गर्नु परेमा वा लुब्रिकेसन वा मेशिन मर्मत कार्य गर्नु परेमा सो कार्यमा तालीमप्राप्त वा अनुभवी वयस्क श्रमिकलाई मात्र लगाउनु पर्दछ,

(ग) विद्युतीय काम इलेक्ट्रिसियन वा अनुभवी तालिम प्राप्त व्यक्तिबाट मात्र गराउनु पर्दछ,

(ङ) विद्युतबाट संचालन हुने मेशिनको अर्थिङ भएको हुनुपर्दछ र प्रत्येक मेशिनको लागि छुट्टाछुट्टै एम.सि. वि. हुनुपर्दछ ।

(१५) ईट्टा उद्योगको परिसर भित्र रहेका पोखरी वा खाल्टा व्यवस्थापकले पुर्ने व्यवस्था गर्नु पर्दछ र पोखरी वा खाल्टा वा इनार पुर्ने अवस्था नभएको खण्डमा राम्रोसँग छेकबार गरी देखिने ठाउँमा खतराको सङ्केत राख्नुपर्दछ ।

**१३. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (ओ.एस.एच) सम्बन्धी चेतना मुलक कार्यक्रम सम्बन्धी व्यवस्था:**

(१) व्यवस्थापकले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धि चेतना अभिवृद्धि गर्ने कार्यक्रम समय समयमा सचांलन गर्नु पर्नेछ ।

(२) चेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गर्दा देहाय अनुसारका विषयवस्तु समेट्नु पर्नेछ;



Scanned by CamScanner

(क) धुँलो, धुवा, ताप र अत्याधिक कार्य भारबाट स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव सम्बन्धमा,

(ख) दुर्घटनाबाट जोगिने उपायका सम्बन्धमा,

(ग) व्यक्तिगत सरसफाई तथा सुरक्षाका उपकरणको प्रयोग गर्नु पर्ने कारण र तरिका सम्बन्धमा ।

१४. सुरक्षा तथा स्वास्थ्य समितिः

(१) २० वा सो भन्दा बढी श्रमिक काम गर्ने ईट्टा उद्योगका व्यवस्थापकले श्रमिक एवं व्यवस्थापन पक्षको प्रतिनिधी समान संख्यामा रहने गरी बढीमा १५ जनासम्म सदस्य रहने गरी एउटा सुरक्षा तथा स्वास्थ्य समितिको गठन गर्नु पर्नेछ ।

(२) सुरक्षा तथा स्वास्थ्य समितिले देहाय बमोजिमको कार्य गर्नेछ;

(क) कार्यस्थलमा सुरक्षाका व्यवस्थाहरु प्रभावकारी रुपमा लागु गराउन व्यवस्थापकलाई सुझाव दिने,

(ख) व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धि चेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गर्न व्यवस्थापकलाई सुझाव दिने र सहयोग गर्ने,

(ग) ईट्टा उद्योगमा दुर्घटना भएमा दुर्घटनामा पर्ने श्रमिकलाई उद्दार गर्ने र दुर्घटना वारे व्यवस्थापकलाई समयमै जानकारी दिने,

(घ) कार्यस्थलमा श्रमिकले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी उपकरणहरु प्रयोग गरेको नगरेको, कार्यस्थलमा बालश्रम प्रयोग भए नभएको अनुगमन गर्ने र सो सम्बन्धमा सबैलाई सुसुचित गर्ने,

(ङ) श्रम ऐन, नियमले तोकेका अन्य कार्य गर्ने।

१५. **संसोधनः** यस निर्देशिकाको संशोधन गर्ने अधिकार श्रम तथा रोजगार मन्त्रालयको हुनेछ ।

१६. वाधा अड्काउ फुकाउः यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गरी वाधा अड्काउ फुकाउने अधिकार श्रम तथा रोजगार मन्त्रालयको हुनेछ ।



Scanned by CamScanner

१७. **ऐन बमोजिम हुने**ः यस निर्देशिकाको कुनै व्यवस्था ऐन नियमसंग वाझिएमा वाझिएको हदसम्म ऐन नियम बमोजिम हुनेछ ।

Scanned by CamScanner